भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.: २०८१/०८२
चलानी नं.

मिति २०८१।११।०५

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११ रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थीक वर्ष २०८१।८२ मा रोजगार सेवा केन्द्र, भुम्लु गाउँपालिकाको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न इच्छुक बेरोजगार व्यक्तिले २०८१ फाल्गुन महिनाको मसान्त सम्म आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा सम्बन्धीत वडा कार्यालयमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्वन्धीत थप जानकारी यस भुम्लु गाउँपालिकामा रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. निवेदकको नागरिकताको प्रतिलिपि।
२. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जिल्ला, शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) (फारमको १४ नं अनुसारको विवरण)
३. स्थायी वसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी: (ना.प्र पत्र अन्यबाट जारी भएको भए बसाइसराईको प्रतिलिपि र ना. प्र पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि )
४. कुल बार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य पेन्सन सुविधा पाए नपाएको विवरण।
५. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको भए, देशको नाम र पासपोर्ट नं को विवरण।
६. निवेदकको काम सम्बन्धी अनुभव भएमा सो सम्बन्धी विवरण।
७. निवेदकको सर्म्पक नं।
८. १८ देखि ५९ बर्ष उमेर हुनु पर्नेछ।

**पुनश्च फारममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ।**

२०८१/११/०५
कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत